# संघीय संसद
# प्रतिनिधि सभा

एघारौं अधिवेशन
बैठक संख्या - ३५

## दैनिक कार्यसूची

२०७९ असार २३ गते

**बिहीबार**

दिनको २:०० बजे

### राष्ट्रपतिको कार्यालयको पत्र

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट कार्यभार सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### समितिमा हेरफेर

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित समितिमा मा० सदस्यको नाम हेरफेर गर्नुहुने ।

### वार्षिक प्रतिवेदन पेश

३. सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले "मुस्लिम आयोगको वार्षिक प्रतिवेदन (२०७७ श्रावण - २०७८ आषाढ)" पेश गर्नुहुने ।

### व्यवस्थापन कार्य

४. सम्माननीय सभामुखले "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" सम्बन्धी समितिको प्रतिवेदन र विधेयकका दफाहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुने ।

५. मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. मा० खानेपानी मन्त्री श्री उमाकान्त चौधरीले :-

(क) "विकास तथा प्रविधि समितिको प्रतिवेदन सहितको खानेपानी तथा सरसफाइ विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "खानेपानी तथा सरसफाइ विधेयक, २०७७ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

७. मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले :-

(क) "कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहितको फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७९ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव